# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय :**

मुद्दा नं. : ०८२-०१-०१२

निर्णय नं. ३४

दायरी मिति : २०८३/०१/२८

निर्णय मिति : २०८३/०३/३१

| | |
|---|---|
| जिल्ला गोरखा पालुङटार नगरपालिका वडा नं. ९, मिरकोट स्थायी वतन भई काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ८ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २६ मा डेरा गरी बस्ने प्रेम प्रसाद खनालकी नातिनी, महेश्वर खनालकी छोरी बर्ष ८ कि अर्चिता खनाल -१, ऐ. ऐ. बस्ने ऐ. को नातिनी, ऐ. को छोरी बर्ष १ कि लुना खनाल -१ समेत जना २ को हकमा प्रेम प्रसाद खनालकी बुहारी, महेश्वर खनालकी श्रीमती ऐ.ऐ. बस्ने बर्ष ३५ कि जानुका घिमिरे ....................................१ | निवेदक<br>वादी |

**विरुद्ध**

| | |
|---|---|
| खिला शर्मा खनालको नाति, प्रेम प्रसाद खनालको छोरा, गण्डकी प्रदेश, गोरखा जिल्ला, पालुङटार नगरपालिका वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ८ बस्ने वर्ष ४० को महेश्वर खनाल ....................................१ | विपक्षी<br>प्रतिवादी |

मुद्दा :- माना चामल समेत ।

**वादीको साक्षी :**

क)

**प्रतिवादीको साक्षी :**

क)

**प्रमाण :**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि .............. १

ख) विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि ............. १

ग) जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ............... २

**प्रमाण :**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ...........१

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

न्यायिक समितिबाट बुझेको :

**साक्षी :**

**प्रमाणहरू :**

(क) काठमाडौं जिल्ला साविक मातातिर्थ गा.वि.स. वडा नं. १/क को कि.नं. १४४४ र १४४६ श्रेस्ता उतार प्रमाणीत ।

(ख) नेपाल धितोपत्र बोर्डबाट शेयर विवरण, नेपाल बैंक लि., रेडियन्ट बहुउद्देश्यीय सहकारी संस्था लि., राष्ट्रिय वाणिज्य बैंक लि., प्राइम कमर्सियल बैंक लि., सिटिजन बैंक इन्टरनेसनल लि., प्रभु बैक लि., खाता विवरण, शान्ति विद्या गृह मा.वि., लैनचौरबाट तलब विवरण, मोर्डन नेपाल कलेजको आम्दानी विवरण र विभिन्न संस्थाहरूको शेयर मौज्दात विवरणहरू प्रमाणको रुपमा रहेको ।

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. महेश्वर खनालसँग मेरो विवाह २०७३ साल असार महिनामा सामाजिक परम्परा अनुसार मागी विवाह भएपछि हाम्रो घरमा विवाद झैं-झगडा दिनहुँ जसो हुने गरेको थियो । झगडा हुँदा कहिले दाईजो, कहिले छोरी छोरी पाएको भनि विवाद हुने गरेकोमा विपक्षीले मलाई र आफ्नो छोरीहरूमाथि शारीरिक, मानसिक चोट दिने शिष्ट र सभ्य व्यवहार नगर्ने कार्यको सिमा नाघि मिति २०८२/१०/२४ मा राति अं. ९:०० बजे हामी आमा छोरीहरूलाई घरबाट निकालीदिनु भयो । हामीलाई उक्त घरमा बसोबास गर्न नदिई खान लाउन समेतको उचित व्यवस्था भएको छैन । विपक्षीले मोर्डन नेपाल कलेज, सोह्रखुट्टे, रेडियन्ट बहुउद्देश्यीय सहकारी संस्था लि. सानेपा, लाखौंको शेयर मार्केटबाट औसत कमाई र मातातिर्थ र गोरखाको घर भाडा जग्गाबाट मासिक आम्दानी क्रमश: रु. ४५,०००/-, रु. ६०,०००/-, रु. ३०,०००/-, रु. १६,०००/-, रु. १०,०००/- सबै एक मुष्ट आम्दानी रु. १,६१,०००/- (एक लाख एकसठ्ठी हजार) भन्दा बढी आम्दानी गर्नु हुन्छ । मैले विपक्षीलाई पटक-पटक हामी आमा छोरीहरूलाई खान, लाउन र घरमा बस्न दिनुहोस् भनी अनुनय विनय गर्दा पनि सुनुवाई नभएकोले बाध्य भई नाबालक छोरीहरूको खाना खर्च, औषधी उपचार खर्च, लत्ता कपडा खर्च, घर बहाल खर्च, पढाई खर्च, हेरालु खर्च मासिक खर्च क्रमश: रु. २०,०००/-, रु. ८,०००/-, रु. ८,०००/-, रु. १०,०००/- र रु. १६,०००/- जम्मा मासिक खर्च रु. ८०,०००/- (असी हजार) रुपैयाँ विपक्षीले हामीलाई घरबाट निकाल्नु भएको उक्त मिति देखिको सबै खर्च मासिक रुपमा दिलाई पाउँ भनि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १३, १५, ६४, ६६ (२) (घ) (ङ), ७३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४) (ख), ४७ (१) (छ), ४८, ४९ (८) (क) र मुलुकी देवानी संहिता, २०७४ को दफा १५६ र १५८ बमोजिम छोरीहरूलाई आवश्यक पर्ने मासिक खर्च समेत दिलाई पाउँ भन्ने वादी जानुका घिमिरे समेतको माग दावी रहेको छ ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

<u>प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :</u>

२. हामी दुबैको बिचमा राजिखुशीले सामाजिक परम्परा अनुसार मिति २०७३/०३/२९ मा विवाह भई असल दाम्पत्य जीवनको लागि हाम्रो सकारात्क भूमिका आवश्यक हुने हुँदा मैले एक असल पति तथा पिताको रुपमा निर्वाह गर्नुपर्ने सम्पूर्ण कर्तव्य पुरा गरेको थिएँ । विवाह पछि विपक्षी मेरी श्रीमती काठमाडौं लैनचौर स्थित शान्ति विद्या गृह माध्यामिक विद्यालयमा स्थायी शिक्षकको रुपमा अध्यापन गराउँदै चन्द्रागिरि नगरपालिका मातातिर्थमा संयुक्त परिवारको रुपमा बसि आएका थियौं । पारिवारिक गुजाराको लागि मैले विभिन्न स्कुल कलेजमा अध्यापन गराउँदै आएको पारिश्रमिकबाट परिवारको गुजारा हुँदै आएको थियो । विपक्षी पत्निको मसिक तलब रु. ५८,०९४/- थप अतिरिक्त कापी चेक, टिउसन, ११ र १२ क्लास, परीक्षा गार्ड, विभिन्न तालिममा सहभागिता भएर क्रमश: रु. १०,०००/-, रु.२५,०००/-, रु.१५,०००/- जम्मा मासिक आम्दानी रु. १,०८,०९४/- (एक लाख आठ हजार चैंरानब्बे) भन्दा बढी विपक्षी जानुका घिमिरेले मासिक आय आर्जन गर्नुहुन्छ । वादीले भने जस्तो मेरो कुनै आम्दानी छैन । मेरो मातातिर्थको घर भाडामा नभएको र गाउँको खेतीवालीबाट कुनै आम्दानी नरहेको तर सहकारीको कामबाट मासिक रु. २३,०००/- (तेईस हजार) आउने गरेको छ । साथै मेरो तर्फबाट विपक्षी निवेदकको विरुद्ध सम्मानित काठमाडौं जिल्ला अदालतमा सम्बन्ध विच्छेद मुद्दा (०८२-CP-८४१३) दायर भई विचाराधिन अवस्थामा रहेकोले अंश मानाचामल लगायत प्रस्तुत मुद्दामा अदालतले बोल्ने नै हुँदा घर व्यवहार टार्न मलाई मुस्किल परेकोले विपक्षी श्रीमतीबाट मासिक खर्च वापत रु. ४०,०००/- (चालिस हजार) दिलाई भराई प्रस्तुत माना चामल मुद्दा तामेलीमा राखिपाउँ भन्ने प्रतिवादी महेश्वर खनालको प्रतिउत्तर जिकिर रहेको छ ।

<u>वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :</u>

निज वादी जानुका घिमिरेको विवाह दर्ता प्रमाणपत्र, जेठी छोरी अर्चिता खनाल र कान्छी छोरी लुना खनालको जन्म दर्ता प्रमाणपत्रबाट पति पत्नि र छोरीहरू रहेको नाता सम्बन्धमा विवाद नरहेको प्रमाणबाट देखिन्छ ।

<u>प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :</u>

नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी राखेको देखिन्छ ।

<u>दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :</u>

हामी आमा छोरीलाई घरबाट राति बलपूर्वक निकालिएको हुँदा हामीहरूको जीवन निर्वाहाको लागि माना चामल भराई सोहि हाम्रो मातातिर्थको घरमा बस्ने वातावरण समेत मिलाई पाउँ भनी वादीले गर्नु भएको बहस सुनियो ।

म मेरो नाबालक दुई छोरीहरूको लालन पालनको लागि व्यवस्था मिलाई दिन तयार छु भनी प्रतिवादीले गर्नु भएको बहस समेत सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

नाबालक छोरीहरूको पालन पोषण लगायतको उचित व्यवस्था गरीदिनुपर्ने हो, होईन ? भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड

नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात प्रमाण अध्ययन गरी हामीलाई घरबाट बलपूर्वक निकालिएकोले जीवन निर्वाहको लागि नाबालक छोरीहरूको पालन पोषण लगायतको लागि आवश्यक पर्ने उचित मासिक खर्च व्यवस्था गरी हाम्रो मातातिर्थको घरमा बस्ने वातावरण समेत मिलाई पाउँ भनी वादीले गर्नु भएको बहस सुनियो । म मेरो नाबालक दुई छोरीहरूको लालनपालन, शिक्षा दिक्षा लगायतको दायित्व पुरा गर्न तयार रहेको हुँदा समय समयमा मेरो छोरीहरूलाई मैले भेट्ने वातावरण मिलाई पाउँ भनी प्रतिवादीले गर्नु भएको बहस समेत सुनियो । प्रस्तुत मुद्दामा वादी दावी बमोजिम नाबालक दुई छोरीहरूको पालन पोषण, शिक्षा, दिक्षा, उपचार र मनोरन्जन लगायतको उचित व्यवस्था मिलाई दिनु पर्ने हो, होईन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

मलाई नाबालक छोरीहरूको संरक्षणको लागि विपक्षी पति, पिताबाट मासिक रु. ८०,०००/- (असि हजार) खर्च दिलाई पाउँ भनी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १३, १५, ६४, ६६ (२) (घ) (ङ), ७३, स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ (४) (ख), ४७ (१) (छ), ४८, ४९ (८) (क) र मुलुकी देवानी संहिता, २०७४ को दफा १५६ र १५८ बमोजिम छोरीहरूलाई आवश्यक पर्ने मासिक खर्च समेत दिलाई पाउँ भनी माग दावी लिई फिराद दायर हुन आएको देखियो । मेरो कुनै आम्दानीको श्रोत नभएको तर सहकारीको कामबाट मासिक रु. २३,०००/- (तेईस हजार) आउने गरेको छ । विपक्षी विरुद्ध सम्मानित श्री काठमाडौं जिल्ला अदालतमा सम्बन्ध बिच्छेद मुद्दा (मु.नं.०८२-CP-८४१३) विचाराधिन अवस्थामा रहेकोले अंश मानाचामल तर्फ सोही मुद्दाबाटै निरुपण हुने हुँदा फिराद दावी खारेज गरी पाउँ भन्ने प्रतिउत्तर जिकिर लिएको देखिन्छ ।

प्रस्तुत विवादमा वादीले विभिन्न कानुनी दफा उल्लेख गरी माग दावी लिएको भएतापनि स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (छ) ले दिएको क्षेत्राधिकार सम्म ग्रहण गर्नुपर्ने देखियो । वादीले यस समितिको क्षेत्राधिकार भन्दा बाहिर गई गरेको अन्य माग दावीको विषयमा क्षेत्राधिकार ग्रहण गरी निर्णय दिनुपर्ने देखिएन । वादी जानुका घिमिरे कार्यरत शान्ति विद्यागृह माध्यामिक विद्यालय, लैनचौर र प्रतिवादी महेश्वर खनाल कार्यरत रेडियन्ट बहुउद्देश्यीय सहकारी संस्था लि., सानेपा, मोर्डन नेपाल कलेज, सोह्रखुट्टे, नयाँ बजार लगायतको बैंक तथा वित्तिय संघ संस्थाहरू समेतबाट प्राप्त हुन आएको पत्र समेतका अधारमा वादी प्रतिवादी रोजगार रही नियमित रुपमा मासिक आम्दानी गरिरहेको देखिन आयो । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा संरक्षण अधिकार : उपदफा (१) मा "प्रत्येक बालबालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ ।" उपदफा (२) मा "बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै

कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषण खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुबैले व्यहोर्नु पर्नेछ” भन्ने कानुनी व्यवस्था रहेको र मुलुकी देवानी संहिता, २०७४ को दफा ११४ को उपदफा (२) मा उपदफा (१) बमोजिम “हेरचाह र स्याहार सम्भार गर्दा आमा बाबुले आफ्नो आर्थिक हैसियत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्योपचार, शिक्षा, दीक्षा, खेलकुद, मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था गर्नु पर्नेछ” भनी उल्लेख भएको देखिंदा नाबालक छोरीहरूको उचित पालनपोषणको लागि प्रतिवादीले मासिक रु.८०,०००/- (असी हजार) भराई पाउँ भन्ने माग दावी न्यायोचित देखिएन । यिनै वादी प्रतिवादी भई श्री काठमाडौं जिल्ला अदालतमा सम्बन्ध विच्छेद मुद्दामा (मु.नं.०८२-CP-८४१३) फैसला हुँदा सोही बमोजिम हुनेगरी हाल आमा जानुका घिमिरेको संरक्षणमा रहेका छोरीहरू वर्ष ८ कि अर्चिता खनाल र वर्ष १ कि लुना खनालको मासिक खर्च आमा बाबु दुबैले व्यहोर्नु पर्ने देखियो । उल्लेखित आधार कारण समेतबाट आमा जानुका घिमिरेले आफ्नो साथमै नाबालक दुई छोरीहरू राखी छोरीहरू प्रतिको सर्वोत्तम हितलाई प्रथामिकतामा राखी आमाले पुरा गर्नुपर्ने दायित्व पुरा गरीरहेको देखिंदा आमाले पुरा गर्नुपर्ने दायित्वको विषयमा केही बोलिरहनु परेन तर महेश्वर खनालले बालबालिका सम्बन्धी ऐम, २०७५ को दफा १७ बमोजिम बुवाको दायित्व पुरा गर्नबाट यि प्रतिवादीले अलग फुर्सद पाउने नदेखिदा नाबालक दुई छोरीहरूको लागि फिराद परेको मिति २०८३/०१/२८ देखि लालनपालन, लत्ताकपडा, स्वास्थ्योपचार, शिक्षा दीक्षा, मनोरञ्जन, बसोबास समेतको लागि प्रत्येक महिना रु. १५,०००/- (पन्ध्र हजार) का दरले एकमुष्ठ रकम दिने र सो पछि प्रत्येक महिना रु. १५,०००/- (पन्ध्र हजार) का दरले दिलाई पाउने साथै मुलुकी देवानी संहिता, २०७४ को दफा ८७ बमोजिम पत्नी/बालबच्चाको वासस्थान पति/बुवाको घरमा कायम भएको मानिने हुँदा फिरादकर्ता वादी र छोरीहरूलाई काठमाडौं जिल्ला साविक मातातिर्थ गा.वि.स. वडा नं. १/क को कि.नं. १४४४ र १४४६ जग्गामा रहेको घरमा नै बसोबास गर्ने व्यवस्था सुरक्षित हुने निर्णय गरियो। न्यायिक समितिको मिति २०८३/०२/०६ मा भएको रोक्का आदेशलाई निरन्तरता दिईरहनु पर्ने नभएकोले प्रस्तुत मुद्दा अन्तिम भएपछि उल्लेखित कि.नं. का जग्गालाई फुकुवा गर्न भूमि प्रशासन कार्यालय, कलंकीलाई लेखि पठाई दिनु । अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

(क) यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ५१ बमोजिम ३५ दिन भित्र श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनी वादी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु । .................................................................................. १

(ख) वादी जानुका घिमिरेले प्रतिवादी महेश्वर खनालबाट नाबालक दुई छोरीहरूको लालनपालन, शिक्षा दिक्षा लगायतको उचित व्यवस्था मिलाउन प्रतिमहिना रु. १५,०००/- (पन्ध्रहजार) दिलाई पाउने निर्णय भएकोले फिराद परेको मिति २०८३/०१/२८ देखि भरि भराई हुँदाको मितिसम्म एकमुष्ट रकम र सो पश्चात् प्रत्येक महिना रु. १५,०००/- (पन्ध्रहजार) का दरले मासिक खर्च वादीलाई प्रतिवादीबाट दिलाई पाउने । ..............................................२

(ग) सार्वजनिक सरोकारको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु । ............................................................................................३

(घ) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु । ............................................................................................................ ४

(ङ) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । ............... ५

२०८३/३/३१ रत्नलाल श्रेष्ठ
सदस्य

२०८३/३/३१ सीता मण्डल सत्याल
सदस्य

२०८३/३/३१ बसन्ती श्रेष्ठ
संयोजक

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**
चिरञ्जीवी खड्का

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

**न्यायिक सहजकर्ता**
निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८३ साल असार महिना ३१ गते रोज ०४ शुभम् ...............................